# एलिट क्लब विराटनगर

## ६४औं वार्षिक साधारणसभामा प्रस्तुत प्रतिवेदन

### वि.सं.२०८३ बैशाख १६ गते, विराटनगर

**श्रीमान अध्यक्षज्यू,**
**पूर्व अध्यक्षज्यूहरू, पूर्व महासचिवज्यूहरू,**
**आजीवन तथा साधारण सदस्यज्यूहरू,**
**वर्तमान कार्यसमितिका पदाधिकारी तथा सदस्यज्यूहरू ।**

नव वर्षको उल्लासपूर्ण वातावरणमा, बौद्धिक व्यक्तित्वहरूको संस्था एलिट क्लब विराटनगरको ६४औा वार्षिक साधारण सभा तथा अधिवेशन आयोजना भइरहेको छ । यस महत्वपूर्ण अवसरमा यहाा उपस्थित सम्पूर्ण महानुभावहरूलाई नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै यस सभामा स्वागत गर्दछु ।

वि.सं. २०१५ बैशाख १ गते स्थापना भएको एलिट क्लब नेपालको लोकतान्त्रिक आन्दोलनमा विशिष्ट पहिचान बनाएको नागरिक संस्था हो । यस्तो संस्था सञ्चालनको जिम्मेवारी पाएको वर्तमान कार्यसमितिले वि.सं. २०७८ बैशाख ४ गते निर्वाचित भई आफ्नो कार्यकाल पूरा गरेको छ । गत वर्ष नै गर्नुपर्ने साधारण सभा तथा निर्वाचन जेनजी आन्दोलन र त्यसपछि उत्पन्न राजनीतिक उतारचढाव र राष्ट्रिय निर्वाचनबाट यो क्लब पनि अछुतो रहेन । त्यसैले केही समय ढिलो भए पनि नयाा वर्षको पहिलो महिनामा नै साधारण सभामा आयोजना भएको छ ।

**आदरणीय सभासदज्यूहरू,**

वर्तमान कार्यसमिति वि.सं.२०७८ बैशाख ४ गतेको साधारणसभाबाट सर्वसम्मत निर्वाचित भई नेतृत्वमा आएको हो । अतः त्यसयता क्लबबाट भए गरेका प्रमुख काम र निर्णयहरू संक्षिप्त रुपमा प्रस्तुत गरेको छु ।

## १. विचार निर्माण तथा बहसको निरन्तरता

एलिट क्लब विराटनगरका बौद्धिकहरूको साझा संस्था भएकाले यसको प्रमुख काम विचार निर्माण तथा सम्प्रेषण गर्नु हो । यसलाई विचार निर्माणको थलो बनाउनका लागि साप्ताहिक बहसलाई निरन्तरता दिइएको छ । समसामयिक सन्दर्भमा छलफल र अन्तरक्रिया गर्ने प्रचलनलाई साप्ताहिक विमर्शका रुपमा निरन्तरता दिइएको छ । यहाा उत्पादन भएका विचारहरू विभिन्न माध्यमबाट समाजमा सम्प्रेषण हुने विश्वास गरिएको छ ।

## २. सभाहल मर्मत गरी वातानुकुलित बनाइएको

क्लबको सभाहलको मर्मतसंभार गरी सञ्चालन गरिएको छ । गर्मीको समयमा कार्यक्रम सञ्चालन गर्न कठिनाइ हुननदिन विराटनगर महानगरपालिकाबाट पााच थान र ६ नम्बर वडा कार्यालयबाट दुई थान एसी सहयोग प्राप्त गरी जडान गरिएको छ । अब गर्मी मौसममा पनि हलमा कार्यक्रम गर्न सहज भएको छ । सहयोगका लागि विराटनगर महानगरपालिका र ६ नम्बर वडा परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

## ३.वार्षिक उत्सव तथा नयाा वर्षमा शुभकाना कार्यक्रम

विक्रम सम्बतको आधारमा नयाा वर्ष आरम्भ भएको दिन यस क्लबको स्थापना दिवस हो । क्लबका सदस्यहरुको अनुरोधमा गत वर्षदेखि नव वर्षको अघिल्लो दिन अर्थात चैत मसान्तमा क्लबको स्थापना दिवस तथा शुभकामना आदानप्रदान कार्यक्रम गर्ने परम्परा बसालिएको छ ।

## ४.वेभसाइट अद्यावधिक

क्लबका गतिविधिहरूलाई स्थायी रुपमा सङग्रह गर्न र विश्व भर प्रसार गर्नका लागि यसअघि निर्माण गरिएको क्लबको वेबसाइट www.eliteclub.org.np अद्यावधिक हुादै आएको छ । क्लबको इतिहास, संस्थापक र आजीवन सदस्यहरूको नामावली एवम् प्रकाशनहरू पनि प्रकाशित छन् । सूचना सम्प्रेषणका लागि इमेल elitebiratnagar@gmail.com सञ्चालनमा रहेको छ ।

## ५.जमिनको हाल साविक

**ए**लिट क्लबको कार्यालय रहेको १२६०.६० वर्ग मिटर जमिनको हाल साविक यसै अवधिमा गरिएको छ । उत्तरतिर रहेको नेपाल चिकित्सक संघसाग वार्ता र सहमतीको आधारमा पुनः सम्फौता गरी सााध सिमाना स्पष्ट पारिएको छ । अब दुवै पक्षले आफ्नो सरहदभित्र निर्माण र अन्य कार्य गर्न सहज भएको भएको छ ।

## ६.विराटनगर महानगरपालिकालाई सुझाव

विराटनगर विकासको ठोस योजनासहित काम अगाडि बढाउन एलिट क्लबले विभिन्न चरणमा छलफल गरी सङ्कलित सुझावहरू नव निर्वाचित विराटनगर महानगरपालिका नेतृत्वलाई बुझाइएको थियो । क्लबका अध्यक्ष श्री विश्वनाथ रिजाल र महासचिव श्री यज्ञप्रसाद शर्माको नेतृत्वको प्रतिनिधि मण्डलले नगरप्रमुख श्री नागेश कोइरालालाई वि.सं.२०७६ असार ६ गते हस्तान्तरण गरेको थियो ।

## ७.क्लबलाई युवा पुस्तासाग जोडने प्रयास

एलिट क्लब विराटनगरको पुराना संस्थाहरूमध्येमा पर्दछ । मुलुकको राजनीतिक विकास र परिवर्तनमा छुट्टै र विशिष्ट योगदान रहेको यस क्लबको गतिविधिमा युवा पुस्तालाई जोड्ने उद्देश्यले युवा अर्थशास्त्रीहरूसाग चरणबद्ध अन्तरक्रिया गरियो । त्यसैगरी २०८१ बैशाख १६ गते लागि राजनीतिक, आर्थिक र उद्यमशीलताको विषयमा एकदिने तालिम सञ्चालन गरियो । विभिन्न क्षेत्रका ४४ जना युवा विद्यार्थीलाई पूर्व अध्यक्ष डा. भेषप्रसाद धमला, पूर्व महासचिव प्रा.कृष्ण पोखरेल, आजीवन सदस्य डा.सन्देशदास श्रेष्ठ र अधिवक्ता प्रमिल अधिकारीले प्रशिक्षण दिनुभएको थियो ।

तालिमको अन्त्यमा सहभागीहरूले **विराट युवा विचारक मञ्च** गठन गरी २०८१ ज्येष्ठ १५ गते गणतन्त्र दिवसको अवसरमा युवा विचार सम्मेलन आयोजना गरेका थिए । मञ्चले हरेक १५ दिनमा समसायिक राजनीतिक तथा सामाजिक विषयमा अन्तरक्रिया गरिरहेको छ । क्लबले सभाकक्ष निःशुल्क उपलब्ध गराउदै आएको छ ।

## ८. एलिट जर्नल प्रकाशन

एलिट क्लबको मुखपत्र *एलिट जर्नल* यस कार्यकालमा पनि प्रकाशित भएको छ । जीवित संस्थापकद्वय श्री नारायणप्रसाद अर्ज्याल र श्री गोपालप्रसाद शर्माको अन्तरवार्तासहित महत्वपूर्ण लेख तथा अभिलेखहरू समेटिएको एलिट जर्नल गत वर्षको वार्षिक उत्सवमा कोशी प्रदेशका मुख्यमन्त्री श्री हिक्मत कार्कीको उपस्थितिमा सार्वजनिक गरिएको थियो ।

## ९. जेनजीलाई सुनौ

जेनजी आन्दोलन वि.सं. २०८२ भदौ २३ गते र त्यसपछि २४ गते भएको विध्वंशात्मक गतिविधिबाट समाजमा एक प्रकारको त्रास रहेको र नवयुवा पुस्ताप्रति नकारात्मक भाव उत्पन्न भइरहेको बेलामा समाजमा सम्बन्धको खाडललाई लामो समय नरहन नदिन विभिन्न चरणमा गरिएको छलफल पश्चात असोज १० गते जेनजीलाई सुनौ कार्यक्रम गरिएको थियो । कार्यक्रममा जेनजी पुस्ताका युवाहरूलाई मात्र बोल्न र अन्तरक्रिया गर्न दिइएको थियो । कार्यसमिति सदस्य श्री सोमराज थापा र आजीवन सदस्य श्री सुयर्माराज राईले जेनजी युवाहरूलाई आफूले भोगेको आन्दोलनको अनुभव सुनाउनु भएको थियो ।

## १०. आर्थिक पारदर्शिता र लखा परीक्षण

क्लबको आर्थिक व्यवस्थापनलाई पारदर्शी र नियमित बनाउनका क्लबको नाममा स्थायी लेखा नम्बर लिइएको छ । दोहोरो लेखा प्रणालीबाट हिसाब राखिन्छ । नियमित लेखा परीक्षण गरिन्छ र सकेसम्म बैकमार्फत खर्च गर्ने प्रणाली बसाइएको छ।

## ११. विचार उत्पादनका कार्यक्रमहरू

एलिट क्लब विचार विमर्श र विचार उत्पादनको लागि इतिहास बोकेको संस्था हो । यसले विषय केन्द्रित भई सञ्चालन गरेका कार्यक्रमहरू तीन किसिमका छन् । पहिलो विदेशी विशिष्ट व्यक्तिहरूसागको अन्तरक्रिया र दोस्रो, स्वेशी पाहुनासाग अन्तरिक्रिया र तेस्रो विषय केन्द्रित बहस तथा अन्तरक्रिया ।

### ११.१. विदेशी अतिथिसाग अन्तरक्रिया :

**क. भारतीय राजनीतिशास्त्री एसडी मुनिसाग अन्तरक्रियाः** एलिट क्लब विराटनगरमा जवाहरलाल नेहरू विश्वविद्यालयका प्रा.डा. सुकदेव मुनि (एसडीमुनि) साग २०८० चैत ५ गते **'नेपाल भारत सम्बन्धमा नयाा आयामहरू'** विषयमा अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रममा मुनिले नेपाल भारतको सम्बन्धलाई दुई पक्षीय हितमा सञ्चालन गर्न नेपालका बुद्धिजीवी र नागरिक समाजको महत्वपूर्ण भूमिका हुने बताउनु भएको थियो ।

**ख. संयुक्त राष्ट्रसंघका विवद व्यवस्थापन विज्ञसाग अन्तरक्रिया**ः भारतीय अन्तरिक्ष केन्द्र (एस्रो)का पूर्व वैज्ञानिक तथा संयुक्त राष्ट्रसंघ विवद् व्यवस्थापन विज्ञ डा. सञ्जयकुमार श्रीवास्तवसाग २०८१ बैशाख २२ गते **'प्राकृतिक प्रकोपको जोखिममा नेपाल र पूर्व तयारीका पक्षहरू'** विषयमा अन्तरक्रिया सम्पन्न भयो । कार्यक्रममा विपद् व्यवस्थापनको क्षेत्रमा काम गर्ने रेडक्रस, स्थानीय तहका प्रतिनिधिहरूका साथै युवा बैज्ञानिकहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

**ग. जवाहर लाल नेहरू विश्वविद्यालयका प्रा. आनन्द कुमारसाग अन्तरक्रिया**ः एलिट क्लब विराटनगरमा जवाहरलाल नेहरू विश्वविदालयका प्रा.डा. आनन्द कुमारसाग २०८१ चैत ३ गते **'नवउदारवादले विश्वमा देखिएको संकट र वदलिादो विश्वव्यवस्था'** विषयमा अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रममा प्रा. कुमारले विश्वमा उदारवाद लागू भएका देशहरूमा देखिएको निराशाको चर्चा गर्दा नयाा ढङ्गले उदाएको राष्ट्रवाद तथा वैकल्पिक राजनीतिक धारको अवस्थाबारे चर्चा गर्नुभएको थियो ।

## ११.२ स्वदेशी अतिथिसाग अन्तरक्रिया :

**क.अग्रज राजनीतिक शास्त्रीहरूको सामूहसाग एकसाथ अन्तरक्रिया**ः राजनीतिशास्त्रका मूर्धन्य व्यक्तिहरू प्रा.लोकराज बराल, प्रा. कृष्ण खनाल, प्रा.डा.कृष्ण हाछेथुसाग **'नेपालको वर्तमान राजनीतिक अवस्था र आगामी दिशा विषयमा'** अतरक्रिया २०८० असार २६ गते सम्पन्न भयो । उहााहरूले राजनीतिक शास्त्रीय तथा भूधरातलको आधारमा मुलुकको अवस्थाको बारेमा विचार व्यक्त गर्नुभएको थियो । प्रा.डा. कृष्ण हाथेछुले वीपी कोइराला, मनमोहन अधिकारी जस्ता शीर्ष व्यक्तित्वहरूले सम्बोधन गरेको एलिट क्लबमा कुनै दिन प्रस्तुत हुनेछु भनेर सााचेको सपना साकार भएकोमा सन्तोष व्यक्त गर्नुभयो ।

**ख. नेपाली काङग्रेसका महामन्त्रीसाग अन्तरक्रिया**ः नेपाली काङ्ग्रेसका महामन्त्री तथा प्रतिनिधि सभा सदस्य श्री विश्वप्रकाश शर्मासाग २०८० माघ १० गते **'राजनीति र समुन्नति, चुनौती र बाटो'** विषयमा अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रममा पेशागत क्षेत्रका साथै राजनीतिक क्षेत्रको सहभागिता रहेको थियो ।

**ग. अगुवा मानव अधिकारकर्मी कृष्ण पहाडीसाग अन्तरक्रिया**ः शान्ति समाज नेपालका संस्थापक तथा अगुवा मानव अधिकारवादी नेता श्री कृष्ण पहाडीसाग २०८० जेठ ११ गते **'भ्रष्टाचार विरोधी आन्दोलनमा नागरिक समाजको भूमिका'** विषयमा अन्तरक्रिया सम्पन्न भयो । भ्रष्टाचारको विरोधमा विराटनगरमा प्रदर्शन भइरहेको कुराको चर्चा गर्दै भ्रष्टाचार विरोधी अभियानलाइ राष्ट्रिय रुपमा अगाडि बढाउन सुझाव दिइएको थियो ।

**घ. पूर्व प्रधानमन्त्री बाबुराम भट्टराईसाग अन्तरक्रिया**ः नेपाल समाजवादी पार्टीका अध्यक्ष पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईसाग २०८१ बैशाख १७ गते **'संघीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास, चुनौती र सम्भावना'** विषयमा अन्तरक्रिया सम्पन्न भयो । डा. भट्टराईले मुलुकको निर्वाचन प्रणाली समावेशी निर्वाचन क्षेत्र बनाएर जानु पर्ने विचार व्यक्त गर्नु भएको थियो । उहााले मुलुकमा वैकल्पिक राजनीतिको आवश्यकता रहेको बताउनु भयो ।

**ङ. नेकपाका महासचिव विप्लवसाग अन्तरक्रियाः** नेपाल कम्युनिष्ट पार्टीका महासचिव कमरेड नेत्रविक्रम चन्द 'विप्लव'साग २०८१ चैत ७ गते 'नेपालको वर्तमान राजनीतिका **चुनौती र निकास'** विषयमा अन्तरक्रिया सम्पन्न भयो । विप्लवले मुलुकमा व्याप्त निराशा सम्बोधनका लागि आत्मनिर्भर अर्थतन्त्र र राष्ट्रिय उत्पादनमा जोड दिनु पर्ने र हरेक नेपालीलाई श्रमसाग जोडिनु पर्ने बताउनु भएको थियो ।

**च. अगुवा मानव अधिकारकर्मीसाग अन्तरक्रियाः** मिति २०८१ कार्तिक २१ गते मानव अधिकार आयोगका पूर्व आयुक्त श्री सुशील प्याकुरेल र अगुवा नागरिक अधिकारकर्मी श्री कनकमणि दीक्षितसाग अतरक्रिया भएको छ । **संविधान कार्यान्वयनमा समस्या र समाधानको बाटो विषयमा बोल्दै** प्याकुरेलले समस्या देखिएका विषयलाई संशोधन गरेर भए पनि संविधानको कार्यान्वयन प्रभावकारी बनाउनु पर्ने सुझाव दिनुभयो भने दीक्षितले कोशी प्रदेशमा प्रर्यटन प्रबर्द्धनका लागि असाधरण सम्भावना रहेको बताउनु भयो ।

**छ. सघीय लोकतान्त्रिक गणतन्त्रको मर्म र विकासको नेपाली अभ्यासः** २०८१ पुस २३ गते मंगलबार नेकपा ( एमाले)का स्थायी कमिटी सदस्य डा. विन्दा पाण्डे अन्तरक्रिया सम्पन्न । पाण्डेले मुलुकले अवलम्बन गरेको विकासको शैली जनअपेक्षा अनुकूल नभएको चर्चा गर्दै नेपालका अगुवा दलहरूको सञ्चालन पद्धतिमा लोकतान्त्रिकरण आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

**ज. कमरेड रोहितसाग अन्तरक्रियाः** कमरेड रोहितका नामले परिचित नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नरायणमान विजुक्छेसाग २०८२ बैशाख २६ गते अन्तरक्रिया सम्पन्न भयो । नेपालको राष्ट्रिय राजनीति र सम्भावनाहरू भन्ने विषयमा सम्पन्न अन्तरक्रियामा उहााले मुलुकको सञ्चालन पद्धति नेपालको माटो र समाजवादी दर्शन अनुरुप हुन नसकेकोमा चिन्ता व्यक्त गर्नु भएको थियो ।

**झ. घनश्याम भुसालसाग अन्तरक्रियाः** नेपाल कम्युनिष्ट पार्टीका का.वा. अध्यक्ष श्री घनश्याम भुसालसाग २०८२ माघ १५ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । जेनजी आन्दोलनपछिको राजनीतिक संकट र निकास भन्ने विषयमा बोल्दै उहााले जेनजी आन्दोलन मुलुकमा व्याप्त गलत शासन पद्धतिको उपज भए पनि अराजताबाट उत्पन्न राजनीतिक संकट समाधान गर्न राजनीतिक दलहरूबीच सहकार्य आवश्यक रहेको बताउनु भयो ।

**ञ. नेपालको नाट्य परम्परा र नवीन प्रवृत्तिहरूः** २०८२ भदौ १३ गते भएको छलफलमा विषय प्रस्तोता संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति माननीय निशा शर्मा । नेपालमा नाट्यकर्मीहरूले नाटकलाई सडकबाट प्रज्ञाप्रतिष्ठानको तहसम्म पुऱ्याउन गरेको संघर्षको चर्चा ।

**ट. बदलिादो राजनीतिक परिवेश र जनताको अपेक्षाः** २०८२ मंसिर ५ गते भएको अन्तरक्रियामा क्लबका आजीवन सदस्य तथा पूर्वमन्त्री महेश आचार्य विषय प्रस्तोता हुनुहुन्थ्यो । उहााले मुलुकको राजनीतिक अस्थिरता र दलमा पुस्तान्तरणको अभाव नै जनअसन्तुष्टीको मुख्य कारण रहेको बताउनु भयो ।

## ११.३. विषय केन्द्रित अन्तरक्रियाहरू

- **स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूको विजयले दिएको सन्देसः वि.सं.** २०७६ जेठ २७ गते भर्खरै सम्पन्न स्थानीय निर्वाचनमा काठमाण्डौ, धरान, धनगढीमा स्वतन्त्र उम्मेदवार प्रमुख पदमा विजयी भएको

सन्दर्भमा यसले दिने राजनीतिक सन्देशका विषयमा अन्तरक्रिया सम्पन्न । विषय प्रस्तोता एलिट क्लबका पूर्व महासचिव श्री दिनेश श्रेष्ठ हुनुहुन्थ्यो ।

- **आदर्श पुस्तकालयको समस्या विषयमा** २०७६ भदौ १७ गते छलफल सम्पन्न भयो । कार्यक्रममा विषय प्रस्तोताः पुस्तकालयका अध्यक्ष श्री भीमेन्द्र बहादुर कार्की र पूर्व अध्यक्ष श्री टीका प्रसाद उप्रेती हुनुहुन्थ्यो । छलफलपछि यस क्लबले आदर्श पुस्तकालयको अवस्थाप्रति सरोकार राख्दै विज्ञप्ति निकालेको थियो ।

- **सम्पन्न निर्वाचन र नवोदित दलहरूको भूमिकाः** मिति २०७६ मंसिर २३ गते भर्खरै सम्पन्न निर्वाचनबाट उदायका नयाा दलहरूको भविष्यका बारेमा छलफल । विषय  प्रस्तोताः वरिष्ठ अधिवक्ता तथा डिग्री क्याम्पस राजनीतिशास्त्र विभागीय प्रमुख श्री शान्तिराम भण्डारी हुनुहुन्थ्यो ।

- **उपभोक्ता अधिकारको वर्तमान अवस्था र राज्यवाद अपेक्षा** विषयमा २०७६ पुस १ गते छलफल । विषय प्रस्तोताः उपभोक्ता जागरण अभियान नेपालका अध्यक्ष श्री कृष्णप्रसाद भण्डारी मार्सेली हुनुहुन्थ्यो ।

- **बदलिादो परिवेशमा पुस्तकालय सञ्चालनका चुनौतीहरू** विषयमा २०७६ पुस १५ गते छलफल । विषय प्रस्तोताः विष्णुमाया पुस्तकायका अध्यक्ष श्री केशव गौतम हुनुहुन्थ्यो ।

- **परिवर्तित राजनीतिक आयामहरू र भावी दिशा** विषयमा २०७६ पुस २७ गते छलफल । विषय  प्रस्तोताः सामाजिक अभियन्ता श्री केशव दाहाल हुनुहुन्थ्यो ।

- **वर्तमान अर्थतन्त्रका चुनौती र अबको बाटोः मुलुको विग्रादो आर्थिक अवस्थाप्रति सरोकार राख्दै चरणबद्ध छलफलपछि** २०७६ माघ ३ गते अन्तरक्रिया । विषय प्रस्तोताः युवा अर्थशास्त्री श्री विजयबाबु दाहाल ।

- **सञ्चार सीप** विषयमा २०७६ चैत १० गते छलफल। प्रस्तोताः सामाजिक अभियन्ता तथा शिक्षक श्री उमेश भगत ।
- **कल्पना शक्ति एवम व्यक्तित्व विकास** विषयमा २०८० बैशाख ८ गते छलफल । विषय प्रस्तोताः नेपाल व्यवस्थापन संघका कोशी प्रदेश सचिव तथा युवा अधिवक्ता श्री पशुपति नेपाल ।

- **भ्रष्टाचार निवारण ऐनको प्रशतावित संशोधन र सुशासनको प्रश्नः** वि.सं.२०८० बैशाख १८ गते छलफल । विषय प्रस्तोताः वरिष्ठ अधिवक्ता तथा प्रदेश सरकारका पूर्व मुख्यन्यायाधिवक्ता श्री चुडामणि आचार्य ।

- **भ्रष्टाचार न्यूनीकरणमा नागरिक समाजको भूमिका** विषयमा २०८० बैशाख २६ गते छलफल । विषय प्रस्तोताः एलिट क्लबका महासचिव तथा प्रदेश सरकार प्रादेशिक सञ्चार प्रतिष्ठानका पूर्व कार्यकारी निर्देशक श्री यज्ञप्रसाद शर्मा । प्रस्तुति उच्च चर्चामा रहेको नक्कली भुटानी शरणार्थी प्रकरणमा केन्द्रित थियो ।

- **समसायिक राजनीतिक समस्या र जनतामा देखिएको निराशा** विषयमा २०८० असार १५ गते छलफल । विषय  प्रस्तोताहरूः लेखक तथा नागरिक अभियन्ताहरू श्री डम्बर खतिवडा, श्री मुमाराम खनाल, श्री प्रशान्त सिंह, श्री सुरेन्द्र चौधरी तथा श्री केशव दाहाल ।

- **समसामयिक राजनीति र युवाका सवाल** विषयमा २०८० असार २६ गते छलफल । विषय प्रस्तोताः राजनीतिशास्त्रका प्राध्यापक तथा क्लबका पूर्व महासचिव प्रा. श्री कृष्ण पोखरेल । वर्तमानमा देखिएका गलत राजनीतिक अभ्यास र तिनबाट युवामा निराश आउनुको कारणबारेमा प्रकाश ।
- **प्रतिनिधि सभा लेखा समितिबाट अपेक्षित भूमिका** विषयमा २०८० भदौ २२ गते छलफल । विषय प्रस्तोताः प्रतिनिधि सभा सार्वजनिक लेखा समितिका सभापति मानवीय श्री ऋषिकेश पोखरेल ।
- **कृषिको व्यावसायीकरण चुनौती र सम्भावना** विषयमा २०८१ श्राव ३२ गते छलफल । विषय प्रस्तोताः नेपाल सरकारका पूर्व सचिव कृषिविज्ञ डा.राजेन्द्र उप्रेती । कोशी प्रदेशमा व्यावसायिक कृषिको सम्भावनाबारे सविस्तार प्रकाशन पार्नु भएको थियो ।
- **मुलुकको समद्धिमा ज्येष्ठ नागरिकको योगदान** विषयमा २०८१ भदौ १४ गते छलफल । विषय प्रस्तोताः ज्येष्ठ नागरिक महासंघका कोशी प्रदेश अध्यक्ष तथा क्लबका अर्थसचिव श्री मणिकुमार अर्ज्याल हुनुहुन्थ्यो ।
- **राज्यशक्तिको बाँडफाट र संविधान कार्यान्वयको सन्दर्भ** विषयमा २०८१ भदौ २१ गते छलफल । विषय प्रस्तोताः वरिष्ठ अधिवक्ता तथा प्रदेश सरकारका पूर्व महान्यायधिवक्ता श्री चुडामणि आचार्य ।
- **आदर्श पुस्तकालय र रोटरी क्लबको विवादका विषयमा** २०८१ असोज ६ गते भएको छलफलमा विषय प्रस्तोताद्वयः पुस्तकालयका अध्यक्ष श्री भीमेन्द्र बहादुर कार्की र वरिष्ट अधिवक्ता डा. मेदनी प्रसाद सेडाइ ।
- **सहकारी ठगीको विषयमा संसदीय छानविन समितिको प्रतिवेदनले औल्याएका विषयहरू** २०८१ असोर १८ गते छलफल । विषय प्रस्तोताः आजीवन सदस्य श्री स्वयम्भुनाथ कार्की ।
- **अष्ट्रेलियन सरकारको उर्जासम्बन्धी नेट जिरो नीति र आदिबासी समुदायको मूल प्रवाहीकरणः** २०८१ पुस १६ गते शुक्रबार अन्तरक्रिया । विषय प्रस्तोता श्री सुनाज पोखरेल, सिनयिर नीति र परियोजना अधिकारी, न्यू साउथ वेल्स अष्ट्रेलिया हुनुहुन्थ्यो ।
- **आ.व. २०८२–०८३ को बजेट र जनअपेक्षाः** २०८२ असार १३ गते छलफल । विषय प्रस्तोताः प्रा.डा. वेदराज आचार्य । संघीय बजेट यर्थापरक रहेपनि जनअपेक्षालाई सम्बोधन गर्न कठिन रहेको बताउनु भएको थियो ।
- **नेपालको बदलिादो राजनीतिक परिदृश्य र सम्भावनाहरूः** एलिट क्लबमा २०८१ चैत २१ गते भएको यस विषयको छलप,लमा विषय प्रस्तोता पूर्व महासचिव प्रा. कृष्ण पोखरेल हुनुहुन्थ्यो ।
- **वितीय संघीयता कार्यान्वयमा देखापरेका समस्याहरूः** २०८२ भदौ २० गते अन्तरक्रिया । विषय प्रस्तोता कोशी प्रदेश मुख्यमन्त्रीका आर्थिक सल्लाहकार डा. मोहन सुवेदी हुनुहुन्थ्यो ।
- **कोशी प्रदेशमा जलस्रोत विकासको नीतिगत समस्या र सम्भावनाहरूः** मिति २०८२ मंसिर १२ गते भएको अन्तरक्रियामा क्लबका आजीवन सदस्य तथा विराटनगरका पूर्वमेयर श्री रमेशचन्द्र पौडेल विषय प्रस्तोता

हुनुहुन्थ्यो । उहाले कोशी प्रदेश र सप्तकोशी नदी प्रणालीको जलस्रोतको सम्भावना र उपयोगिताको विभिन्न पक्षको चर्चा गर्दै तमोर जलविद्युत आयोजनाको महत्वका बारेमा बताउनु भयो ।

- **परिवर्तित परिवेशमा राजनीतिक दलबाट अपेक्षित भूमिकाः** २०८२ मंसिर २४ गते अन्तरक्रियामा क्लबका पूर्व महासचिव प्रा. कृष्ण पोखरेल विषय प्रस्तोता हुनुहुन्थ्यो । उहाले जेनजी आन्दोलनबाट उत्पन्न परिस्थितिको निकास निर्वाचनबाट खोज्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

- **नेपालको अन्योलपूर्ण अर्थराजनीतिका दिशाः** २०८२ चैत ६ गते भएको अन्तरक्रियामा विषय प्रस्तोता अर्थशास्त्री श्री हरि रोका हुनुहुन्थ्यो । युवा पलायन र पहाडमा बाझिएको जग्गाको कारण अर्थतन्त्र गम्भीर समस्या परेकोले राज्यमा गम्भीर पहल आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।
- **नेपालको लोकतान्त्रिक आन्दोलनमा मिल्सएरियाको भूमिकाः** २०८२ चैत २७ गते शुक्रबार भएको अन्तरक्रिया कार्यक्रममा क्लबका पूर्व महासचिव श्री दिनेश श्रेष्ठ विषय प्रस्तोता हुनुहुन्थ्यो । उहाले लोकतान्त्रिक आन्दोलनको भ्रूण मिल्स एरियाको वि.सं. २००३ को ऐतिहासिक मजदुर आन्दोलन रहेको चर्चा गर्नुभयो ।

## १२.पुस्तक परिचर्चा र सार्वजनिकीकरण

क्लबले विचार उत्पादनलाई महत्व दिने गर्दछ । तर कतिपय अवस्थामा पुस्तकलाई माध्य बनाएर समसामयिक विषयवस्तुको चर्चा गर्ने परम्परा पनि बसाएको छ । यस अवधिमा पुस्तक चर्चाको विवरण प्रस्तुत गरिएको छ ।

**१. मनका श्वरहरू विमोचनः** क्लबका आजीवन सदस्य श्री रामबाबु दाहालद्वारा लिखित मनका स्वरहरू कविता सङ्गह वि.सं. २०७८ बैशाख ६ गते क्लबको सभाकक्षमा विमोचन गरिएको थियो ।

**२. जेल डायरीः** राजनीतिशास्त्रका विद्यार्थी श्री शंकर तिवारीबाट सम्पादित **बीपी कोइरालाको जेल डायरी** पुस्तकको परिचर्चा कार्यक्रम २०८१ जेठ ११ गते शुक्रबार सम्पन्न भएको थियो । कार्यक्रममा प्रा. कृष्ण पोखरेल र सम्पादक शंकर तिवारीबीच प्रश्न उत्तर शैलीमा परिचर्चा भएको थियो ।

**३. फर्केर हेर्दाः** त्यसैगरी २०८१ असार ३१ गते बुधबार प्रा.कृष्ण पोखरेलद्वारा लिखित आत्मसंस्मरण **फर्केर हेर्दा**को परिचर्चा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा क्लबका पूर्व महासचिव श्री दिनेश श्रेष्ठ र प्रदेश लोक सेवा अयोगका सदस्य सीमा आभाषले पुस्तकको समीक्षा प्रस्तुत गर्नुभएको थियो ।

**४. राजनीति शास्त्रीय ज्ञानकोशः** प्रा.डा. गणेश क्षेत्रीद्वारा लिखित यस पुस्तकको विमोचन तथा परिचर्चा वि.सं. २०८१ असोज २३ गते सम्पन्न भएको थियो । नेपाली काङ्ग्रेसका नेता शेखर कोइरालाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा कोशी प्रदेशका मुख्यमन्त्री श्री हिक्मतकुमार कार्की, संघीय सांसद श्री योगेन्द्र मण्डल, एमालेका उपाध्यक्ष श्री गुरु बराल, सार्क विविका सल्लाहकार प्रा.डा.प्रमोदकुमार झाले चर्चा गर्नुभएको थियो ।

**५. भक्तराज आचार्य स्मृति ग्रन्थ सार्वजनिकीकरणः** एलिट क्लबका पूर्व सांस्कृतिक सचिव प्रा. भक्तराज आचार्यको विषयमा तयार गरिएको 'स्मृतिमा भक्तराज आचार्य' पुस्तक एलिट क्लबको सभाकक्षमा सार्वजनिक गरिएको थियो । कार्यक्रममा स्व. आचार्यको व्यक्तित्व र कृतित्वकाको चर्चा भएको थियो।

**६. भुइामान्छेको परिचर्चा**: महिला नेतृ डा. विन्दा पाण्डेद्वारा लिखित भुइा मान्छेको बारेमा वि.सं. २०८१ चैत २६ गते पचिर्चा भएको थियो । भूमिगत राजनीतिमा लागेका तथा राजनीतिलाई सहयोग गरेका महिलाहरूको भावना, विचार र अनुभव समेटिएको सो पुस्तकको चर्चाले महिला राजनीतिकर्मीहरूमा विशेष प्रभाव पारेको छ ।

**७.जैविक दर्शन परिचर्चा**: मोहन तिम्सिनाद्वारा लिखित जैविक दर्शनको परिचर्चा मिति २०८२ श्रावण ३ गते सम्पन्न भयो । पुस्तकमाथि आजीवन सदस्य प्रा.डा. मीनराज ढकाल, क्लबका महासचिव यज्ञप्रसाद शर्मा र कस्तुरी क्याम्पस इटहरीका प्राध्यापक श्री भेषजा काफ्लेले परिचर्चा गर्नुभएको थियो ।

**८.पूर्वीय दर्शन र किराात दर्शनको मुन्धुमी श्रृष्टि सिद्धान्तको तुलात्मक अध्ययनबारे परिचर्चा**: श्री ऋषिराज लुम्सालीद्वारा लिखित यस पुस्तकको परिचर्चा वि.सं. २०८२ पुस २७ गते सम्पन्न भयो । कोशी प्रदेशका प्रदेश प्रमुख माननीय पर्शराम खापुङको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा किराात याक्थुम चुम्लुङका श्री दशरथ रुम्दाली, श्री भलाकाजी राई तथा डा. बाबुराम तिम्सिनाले पुस्तकका बारेमा चर्चा गर्नु भयो । प्रदेश प्रमुख खापुङले एलिट क्लब जस्तो ऐतिहासिक संस्थाको कार्यक्रममा सरिक हुन पाउादा हर्ष महसुस भएको बताउनु भयो ।

## १३. आगामी कार्ययोजना

अब म यस एलिट क्लब विराटनगरले अगामी दिनमा गर्नुपर्ने कामबारे सक्षिप्त चर्चा गर्न लागिरहेको छु ।

**१.एलिट विमर्शको निरन्तरता** : एलिट विमर्श कार्यक्रमलाई निरन्तरता दिइने छ । सरदर महिनामा एक वटा ठूलो र विषय केन्द्रित कार्यक्रम गरिनेछ ।

**२.क्लबको वार्षिक उत्सव कार्यक्रम** : क्लबको स्थापना दिवस र नयाा वर्ष शुभारम्भको पूर्वसन्ध्या चैत मसान्तको दिन क्लबका सम्पूर्ण सदस्यहरूलाई आमन्त्रण गरी शुभकामना आदानप्रदान र सदस्यहरूको योगदानमा आधिरित रात्रिभोजको परम्परालाई निरन्तरता दिइनेछ ।

**३. सभाकक्ष सञ्चालन कार्यविधि निर्माण** : क्लबको सभाहल सञ्चालनका लागि क्षमता, सुगमता र सुविधाका आधारमा शुल्क निर्धारण गरिएको छ । विभिन्न संस्था तथा निकायले शुल्क तिरेर सभाहल प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ । यसको सञ्चालनका लागि कार्यविधि बनाउन आवश्यक छ ।

**४.सचिवालय व्यवस्थापन** : क्लबको सचिवालयमा इन्टरनेट सहितको कम्प्युटर, प्रिन्टर, स्क्यानर र फोटोकपि मेसिनका साथै आवश्यक फर्निचर, रंगरोगन र कार्पेटको व्यवस्था गर्न जरुरी छ ।

**५.कलबको आधिकारिक प्रकाशन**: एलिट जर्नलको प्रकाशनलाई निरन्तरता दिइने छ ।

**६. भवन निर्माण पूरा गर्ने**: क्लबको कार्यालयको पश्चिमपट्टिको भवनको पहिलो तला निर्माणाधीन अवस्थामा रहेको छ । विराटनगर महानगरपालिकाको सहयोगमा अगाडि बढिरहेको भवन निर्माण कार्य सकेसम्म छिटो गर्न सके क्लबको नियमित आम्दानीको स्रोत बढ्ने र दिगो सञ्चालनका लागि सहयोग पुग्नेछ ।

**७.क्लब परिसरको सौन्दर्यकरण**: क्लबको परिसरको सौन्दर्यकरण गरी सफा, सुन्दर र हरियाली बनाउने ।

## १४. सुझावका लागि अनुरोध

एलिट क्लब, विराटनगर एक ऐतिहासिक र विशिष्ट गरिमा बोकेको संस्था हो । देशव्यापी रूपमा एक प्रतिष्ठित बौद्धिक नागरिक संस्थाका रूपमा पहिचान स्थापित गरिसकेको छ । मुलुकका पूर्वप्रधानमन्त्रीहरू लगायत राज्यका उच्च ओहोदाका व्यक्तिहरू, स्वदेशी तथा विदेशी विशिष्ट पाहुनाहरूको उपस्थिति र विचार प्रवाहले यस क्लबको गरिमालाई अझ उचाइ प्रदान गरेको छ । विषम परिस्थितिमा समेत निरन्तर वैचारिक बहस र अन्तर्क्रियाहरू सञ्चालन गरेर यस क्लबले बौद्धिक अभ्यासको क्षितिजलाई अझ फराकिलो र प्रज्वलित बनाएको छ । आगामी दिनमा यसलाई अझ बढी गतिशील, समाजोपयोगी र सक्रिय बनाउन यहााहरूको अमूल्य सुझाव, रचनात्मक आलोचना तथा मार्गदर्शन सदैव अपेक्षित छ । अग्रजहरूकै मार्गदर्शन र सदस्यहरुको सहकार्यबाट क्लबलाई सबल र बौद्धिक केन्द्रका रूपमा स्थापित गर्न सकिनेमा विश्वास व्यक्त गर्दछु ।

आवश्यक सुझावसहित पारित गरिदिनुहुन अनुरोध गर्दै प्रतिवेदन प्रस्तुतिबाट विश्राम लिन चाहन्छु । धन्यवाद ।

प्रस्तोता :
यज्ञप्रसाद शर्मा
महासचिव
१६ बैशाख २०८३